# स्थलगत अध्ययन तथा निरिक्षणमा गएका मानव अधिकार सन्धि अनुगमन समन्वय समितिका प्रतिनिधिहरूको नामावली

१. विमल चन्द्र शर्मा, इन्सेक
२. सत्यनारायण अधिकारी, सिभिक्ट
३. गोपाल श्रेष्ठ, इन्हुरेडर/हिमराईट्स
४. बिन्दा मगर, एफ डब्लु एल डी
५. भोजमान लामगादे, जन उत्थान प्रतिष्ठान
६. सोमराज थापा, इन्सेक पोखरा
७. प्रम सोङ्मन, सिविन पोखरा
८. टंक कुंवर, आरआरएन पोखरा

## म्याग्दी जिल्लाको परिचयः

पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत धवलागिरी अञ्चलमा पर्ने म्याग्दी जिल्ला, विकासमा ज्यादै पछाडी परेको जिल्ला हो । यो २,२९७.०६ वर्ग कि.मि.मा फैलिएको छ । यसको सिमाना पूर्वमा पर्वत, मनाङ्ग र कास्की पर्दछन् भने पश्चिममा रुकुम, डोल्पा र बाग्लुङ्ग अनि उत्तरमा डोल्पा, मुस्ताङ्ग र मनाङ्ग त्यसपछि दक्षिणमा बाग्लुङ्ग जिल्ला अवस्थित छन् ।

म्याग्दीको राजनैतिक विभाजन अनुसार १ निर्वाचन क्षेत्र कायम भएको ४० वटा गाँऊ विकास समितिहरु छन् । यहाँको कुल जनसंख्या १,१५,५४४ मध्येमा पुरुषको ५३९०१ र महिलाहरु ६१६४३ रहेको कुरा २०५८ सालको जनगणनाले देखाएको छ । यस जिल्लाको सदरमुकाम अर्थुङ्गे गा.वि.स. वडा नं. १ र २ मा बेनी बजारमा रहेको छ । जिल्लाको कुल साक्षरताको ४३ प्रतिशत मध्ये पुरुषहरु ५८ प्रतिशत र महिलाहरु २८ प्रतिशत रहेको छ भने प्रतिब्यत्ति बार्षिक आय रु.९,९५० ।– देखिएको छ । यस जिल्लाका अधिकाशं मानिसहरु वैदेशिक रोजगारमा जाने गरेको ।

यस जिल्लामा हाल १५४ प्रा.वि., ३० नि.मा.वि., ३५ मा.वि., र एक उच्च मा.वि. गरि जम्मा २२० सरकारी विद्यालयहरु संचालनमा रहेका छन् । यसै गरि एउटा क्याम्पस र एउटा माध्यमिक शिक्षा विकाश इकाई समेत सेवामा रहेको देखिन्छ । सरकारी विद्यालयको विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या ३२६७२ रहको । औसतमा छात्राहरु ४६.४२ प्रतिशत रहेको छ ।

यस जिल्लालाई लंकापति रावणको जन्मस्थल मानिने किम्बदन्ती छ। म्याग्दी जिल्लामा यातायातको सुविधाका लागि सडक निर्माण कार्य भने भइरहेको हुँदा बजारसम्मको आवागमन दुखैले चलेको धेरै भएको छैन । यो बेनी बजार काली र म्याग्दी २ नदीको संगमबाट बनेकोले त्रिकोणाकार जस्तो सांगुरो चोसो परेको समतल भूमिको वारीपारी ठुला र अग्ला डाँडाहरुको बीचमा पर्ने यो स्थान म्याग्दी जिल्लाको विकासको द्वार ( ढोका) नै मान्न सकिने क्षेत्र हो ।

(स्रोत: जिल्ला विकाश समिति म्याग्दी द्धारा प्रकाशित आवधिक जिल्ला विकाश योजन, आ ब ०५९।६० - ०६३।६४)

## पृष्ठभूमिः

नेपालमा बिगत ८ बर्ष देखि सरकार र माओबादी द्वन्द्व अहिले चरम उर्त्सगमा पुगेको छ । बर्तमान राज्य संरचनामा आमूल परिवर्तन गरी देश र जनतालाई शोषण उत्पीडनबाट मुक्त गर्न भनी २०५२ साल फाल्गुण १ गते देखि नेकपा माओवादीले जनयुद्ध थालेका थिए । माओवादी 'जनयद्ध' शुरू भएयताको छिटपुट घटना बाहेक दाङको सैनिक ब्यारेकमा २०५८ मंसिरमा आक्रमण पश्चात सरकार तथा माआवादी बीचको हिंसात्मक झडपमा तिब्रता आएको छ । हालसम्म नौ हजार भन्दा बढी नेपालीहरुले ज्यान गुमाई सकेका छन् भने अरबौं बराबरको भौतिक संरचना ध्वस्त भै सकेको छ । हत्या,अपहरण,यातना,बेपत्ता र लुटपाटको घटना दिनानुदिन बढ्दै गैरहेकोछ । नागरिकको बाँच्न पाउने, स्वतन्त्रता पूर्वक हिंडडुल गर्न पाउने अधिकार हरण हुँदै गइरहेको छ । मानवअधिकारको लागि राज्यको प्रतिबद्धता र प्रयास सफलता तर्फ उन्मुख देखिदैंन् भने माओबादी तर्फबाट पनि मानव अधिकार प्रति सम्मानजनक ब्यबहार हुन सकेको छैन । मानवअधिकारको विश्वब्यापी सार्वभौममान्यता शान्ति, सुशासन र विकास यी तीन वटै अधिकारहरूमा हस्तक्षेप भएकोछ । युद्धरत बिद्रोही र राज्य पक्ष दुबैले मानवअधिकार तथा मानवीय कानुनको ब्यापक रूपमा उपेक्षा गरिरहेका छन् । महिला,बालबालिका,दलित,जनजाति लगायत सशस्त्र युद्धमा भाग नलिएका (गैर सैनिक) नागरिकहरु युद्धबाट प्रताडित तथा पीडित छन् । युद्धरत पक्षले जेनेभा महासन्धिको साझा धारा ३ तथा मानवीय कानुनको पालना नगरेको सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रबाट चासो र चिन्ता ब्यक्त भई रहेका छन् । ग्रामीण क्षेत्रका नागरिकहरु आतंक, भय र चिन्ताले बिस्थापित हुँदै छन् भने जिल्ला सदरमुकाममा मात्र सिमित सरकारी संयन्त्र र संरचना पनि बिद्रोहीको आक्रमणको निसाना बन्न थालेका छन् ।

यही क्रममा म्यादी जिल्लाको सदरमुकाम बेनीमा भीषण पनि अछुतो रहेन । गत फाल्गुन १९ गते भोजपुरको सदरमुकाम भोजपुर बजारमा शसस्त्र माओवादीहरुले आक्रमण गरेका थिए । यसरी १८ दिन भित्र २ वटा जिल्ला सदरमुकाम आक्रणम भएको यो नै पहिले घटना हो ।

यसै सन्दर्भमा माआवादी तथा राज्य पक्ष बीच भएको भिडन्तको अवस्थामा मानवअधिकार तथा मानवीय कानुनको उल्लंघन भए नभएको तथ्य पत्ता लगाउन का लागि नागरिक समाजद्धारा गठित सन्धी अनुगमन समन्वय समिति को एक मानवअधिकार पर्यवेक्षण टोली घटना स्थल तर्फ गएको थियो ।

## स्थलगत अध्ययनको उद्धेश्य

- घाईते तथा पीडित, सुरक्षाकर्मी लगायत अन्य व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने,
- घटनास्थल तथा ध्वस्त भौतिक संरचना बारे जानकारी लिने,
- घटनाबाट पीडितहरुका बारे जानकारी लिने तथा आवश्यक राहतको पहल गर्ने,
- स्थानिय व्यक्तिहरुको तत्कालिन अवस्थाको अनुगमन गर्ने,
- घटनाका बारेमा प्रत्यक्षदर्शी, सुरक्षाकर्मी र सरकारी कर्मचारीहरुबाट जानकारी हासिल गर्ने,
- घटनामा महिला तथा बालबालिकाको प्रयोगका बारे जानकारी लिने,
- द्वन्द्वका कारण भएको वास्तविक हानि नोक्सानी निरीक्षण गर्ने,
- स्थानीय व्यक्तिहरुको जीवन सामान्य पार्न सरकारको तर्फबाट चालिएका कदमहरुको अनुगमन गने,
- लाशको व्यवस्थापन, विस्फोटक पदार्थ निस्क्रिय पार्न सुरक्षा निकाय तथा अन्य निकायहरुद्धारा गरिएको प्रयासको अनुगमन गर्ने ।

## अनुसन्धान प्रक्रिया

**अध्ययन अनुगमन टोलीले चैत्र ७ र ८ गते बेनी बजार म्याग्दीमा भएको घटनाको सम्बन्धमा तथ्य जानकारी प्राप्त गर्नका लागि मिति ०६० चैत्र १३ देखि १६ गते सम्म निम्न प्रक्रियाहरु अपनाएको थियो :**

- **अन्तरवार्ता**

  घटनाबारे प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा पिडीत व्यक्तिहरु, सुरक्षा निकायका प्रमुखहरु, सरकारी निकायका प्रमुखहरु, मानव अधिकारकर्मीहरु, विभिन्न राजनैतिक पार्टीका नेताहरु, कानून व्यवसायी, समाजसेवी, व्यापारीहरु र हवाई आक्रमणमा परि मृत्यू भएका व्यक्तिहरुका आफन्तहरु संग काराकानी गरिएको थियो ।

- **सामुहिक छलफल**

  स्थानीय पत्रकारहरु,मानव अधिकारकर्मीहरु म्याग्दी जिल्ला रेडक्रस सोसाईटी का पदाधिकारीहरु, प्रवेशिका परिक्षाका परिक्षार्थीहरु र माओवादीको अपहरणबाट फुत्किएर आएका व्यक्तिहरु संग सामुहिक छलफल गरिएको थियो।

- **स्थलगत अध्ययन तथा अवलोकन**

  क्षति पुर्‍याइएका सरकारी तथा निजी संरचनाहरु, लाश गाडिएका तथा रहेका स्थानहरु, भिडन्तमा प्रयोग गरिएका घरहरु, विस्फोटक पदार्थ रहेका स्थलहरु, हवाई आक्रमण भएका स्थलहरु, हवाई आक्रमणमा परी मृत्यू भएका व्यक्तिहरुको घर तथा गाउंहरुमा गई स्थलगत अध्ययन तथा अवलोकन गरिएको थियो।

- **पीडित तथा घाईतेलाई राहतका लागि आवश्यक पहल**

हवाई आक्रमणमा परी मृत्यू भएका ७ जना मध्ये ५ जना तथा सकेटबम खेलाउदा मृत्यू भएका १ जना समेत छ जनाको परिवारलाई क्रिया खर्च प्रदान र हवाई आक्रमणमा परी घाइते एक जनाको उपचारका लागि आवश्यक पहल गरियो ।

## अप्ठ्याराहरु

घटना अनुगमन गर्न टोलीलाई आईपरेका अप्ठ्याराहरुः

- घटनाबारेमा सुरक्षा निकायबाट आवश्यक मात्रामा जानकारी प्राप्त हुन नसक्नु,
- जिल्ला प्रशासन कार्यालयबाट मानवीय तथा भौतिक क्षतिको वास्तविक तथ्यांक उपलब्ध नहुनु,
- घटनाको प्रभाव सदरमुकाम भन्दा धेरै टाढाका गाविसहरु सम्म पुग्नु,
- समयको सीमितता र भौगोलिक कठिनाइ रहनु ,
- घटनाबाट पिडित ब्यक्तिहरुमा डर,त्रास रहेको कारण तथ्य संकलनमा अधिक समय लाग्नु ।

## म्याग्दीमा माओवादी गतिविधि

माओवादी प्रभावित जिल्ला मध्ये म्याग्दी जिल्ला पनि एक हो । माआवादीले आफ्नो आन्दोलनको प्रारम्भिक चरण देखि नै यस जिल्लामा विभिन्न गतिविधि संचालन गर्ने गरेको पाईन्छ ।यस जिल्लामा गलेश्वर गाविसका रुद्र बहादुर केसीको तरकारी बारी फांडेर माओवादीले आफ्नो आन्दोलनको विजारोपण शुरु गरेका थिए । विभिन्न समयमा ईलाका प्रहरी कार्यालय,गाविस भवनहरु जलाउने तथा भू. पू. सैनिकहरुका हतियारहरु कब्जा गर्ने इत्यादी कार्यहरु माओवादीले यस जिल्लामा गर्ने गरेका थिए। जसकोकारण विगत २ वर्ष देखि जिल्लाका सम्पूर्ण गाविसका कार्यहरु सदरमुकामबाट नै हुने गरेका छन् । गत माघ महिनामा माआवादीले एक सेना तथा एक जना सर्वसाधारणको हत्या गरेका थिए । सरकार र माओबादी बीच भएको दोश्रो पटकको बार्ता भंग भए देखि सदरमुकाम बेनीमा बेलुकी भए पछि अघोषित कर्फ्यू लाग्ने गरेको थियो ।

## घटनाको विवरण

नेकपा माओवादीका शसस्त्र समूहले ०६० साल चैत्र ७ गते शनिबार रातको करिब ११ बजे म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारको दक्षिण तर्फ म्याग्दी नदीको किनारमा रहेको जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला विकास समितिको कार्यालय, श्री कालि प्रसाद गण (ई.) र म्याग्दी नदी पारी अवस्थित जिल्ला कारागार लगायतका सरकारी कार्यालयहरुमा माआवादीहरुले एकै समय चारै तर्फबाट अत्याधुनिक हातहतियार सहित आाक्रमण शुरु गरेका थिए। उक्त आक्रमण पछि माओबादी पक्ष तथा राज्य पक्ष बीच शुरु भएको दोहोरो भिडन्त भोली पल्ट अर्थात ८ गते आईतबार विहान करिब ९ बजे सम्म जारी रहेको थियो। आक्रमणको क्रममा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला विकास समिति, म्याग्दी पुस्तकालय, जिल्ला अदालत ध्वस्त पार्नुका साथै, अन्य केही सरकारी कार्यालयहरुमा सामान्य क्षति पुरयाएका थिए । त्यस्तै २ जना सर्वसाधारणका घर ध्वस्त पारेका थिए भने एक जनाको घर धेरै गोलीहरु लागेर क्षति भएको देखिन्छ । फाट्फुट् गोली लागेका घरहरु बेनी बजारमा धेरे भेटियो। भिडन्त पश्चात प्रमुख जिल्ला अधिकारी श्री सागरमणि पराजुली, प्रहरी नायब उपरीक्षक श्री रण बहादुर गौतम को साथै २ जना सैनिक गरी करिब ३३ जनालाई माआवादीहरुले अपहरण गरेका थिए ।

### घटनाका पूर्व संकेतहरु

नेकपा (माओवादी)ले गत फाल्गुन २५ देखि चैत्र १० सम्म १५ दिने गण्डक नाकाबन्दीको घोषण गरेको । तर आक्रमणको भोली पल्ट चैत्र ८ गते नाकाबन्दी हटाएको । माओवादीले आक्रमण हुनु १०, १५ दिन अघि सदरमुकाम नजिकका गाउंहरुमा स्थानिय गांउलेहरुलाई आफ्ना केटाकेटीहरुलाई बेनीको विद्यालयहरु बाट हटाउनु र आफुहरु पनि बेनी बजारमा नजानु, पछि हामी जिम्मेवार हुने छैनौं भन्ने गरेको । सदरमुकाम बेनीमा आक्रमण हुने केहि दिन अघि देखि ४, ५ जना जोगीहरु बेनीबजारको घर घरमा माग्न आउने गरेका थिए । ती जोगीहरु केही दिए लिएर जाने नदिए

एक छिन पनि नबसी अर्को घरमा जाने गरेका थिए । म्याग्दी जिल्लाको प्रवेशिका परीक्षाको सबै परिक्षा केन्द्र सदरमुकाम बेनीमा मात्र भएको कारण बजारमा नयां अनुहारलाई स्थानीय बासिन्दाले अस्वभाविक रुपमा नलिएको पाईयो।

## अध्ययन टोलीले पाएका तथ्यहरु

- आक्रमणको क्रममा माओवादीका मंगलसेन प्रथम,वासुदेव स्मृति चौथौं र सतबरिया दोश्रो गरि जम्मा ३ वटा विग्रेडियर सहित ठुलो संख्यामा माओवादीहरु आएको अनुमान गरिएको छ। उक्त समूहमा लडाकू समूहमात्रै नभई घाइते बोक्ने, उपचार गर्ने, हतियार निर्माण तथा वितरण गर्ने इत्यादि समूहमा विभजित भएर आएको।
- माओवादीहरुको समुहमा महिला तथा पुरुषको संख्या लगभग बाराबर रहेको जानकारी पाइयो।
- माओवादीको एक समूहले सर्वप्रथम म्याग्दी नदी पारी अवस्थित जिल्ला कारागारलाई आफ्नो नियन्त्रणमा लिई त्यहां रहेका ३३ जना कैदीहरुलाई भगाउनुका साथै हात हतियार पनि लगेका थिए । फरार ५ जना कैदीहरु सम्पर्कमा आई तरिखमा छुटेको । यस कारागारमा कार्यरत १८ प्रहरीहरु मध्ये आक्रमणमा प्रहरी जवान नूर बहादुर राना र रामु श्रेष्ठ मारिए । अन्य प्रहरीहरु आफ्ना घरतर्फ गइसकेको जानकारी पाइयो ।
- आक्रमणकै क्रममा जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला विकास समिति, म्याग्दी पुस्तकालय ध्वस्त पारेका थिए भने जिल्ला शिक्षा कार्यलय तथा बैकहरु लगायत अन्य केहि सरकारी कार्यालयहरुमा सामान्य क्षति पुर्याएका थिए । माओवादीहरुले सर्वसाधारणका २ वटा घरहरु ध्वस्त पारेका थिए भने अर्को एउटा घर भिडन्तको क्रममा धेरै गोलीहरु लागी क्षति भएको पाइयो ।
- जिल्ला प्रहरी कार्यालयमा करिब ८० जना प्रहरीहरु तथा २० जना सैनिकहरु गरि जम्मा १०० जनाको संख्यामा सुरक्षाकर्मीहरु रहेको । आक्रमण भएको समय देखि भोली पल्ट विहान ७ बजेसम्म सुरक्षाकर्मीहरु लगातार माओवादीहरुसंग प्रतिकार गरिरहेको तर विहान ७ बजे गोली समाप्त भए पछि उनीहरु आत्मसर्मपण गर्न बाध्य भएको ।
- विहान करिब ८ बजे जिल्ला प्रहरी कार्यालयका सम्पुर्ण हतियार सहित प्रमुख जिल्ला अधिकारी सागरमणी पराजुली, प्रहरी नायब उपरिक्षक रण बहादुर गौतम २ जना सैनिक भूपाल विक, र गणेश राई गरि करिब ३३ जनालाई हात बांधी अपहरण गरेर लगेको ।
- विहान करिब ८ बजे पछि बेनीबजारमा **"म प्रमुख जिल्ला अधिकारी सागरमणि पराजुली बोल्दैछु। हामीले जनसेना समक्ष आत्मसमर्पण गरिसकेका छौ तपाईहरु पनि आत्मसमर्पण गर्नुस तपाईहरुको सुरक्षाको जिम्मा जनसेनाले लिनेछ"** भनी माईकिङ्ग भएको सुनिएको तर बोल्ने मान्छे प्रमुख जिल्ला अधिकारी नै हो भन्ने किटान हुन नसकेको ।
- आक्रमणमा जिल्ला कारागार, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति,जिल्ला अदालत ध्वस्त भएको तर श्री कालिप्रसाद गण(ई)मा त्यस प्रकारको क्षति भएको नदेखिएको
- सुरक्षा निकायबाट माओवादीले लुटेका हतियारका बारेमा यकिन विवरण थाहा हुन नसकेको ।
- माओबादीहरुले बेनी बजारबाट करिब डेढ घण्टाको दुरीमा रहेको डांडा बाट सुरक्षानिकाय तर्फ सयौंको संख्यामा मोर्टार प्रहार गरेको पाइएको ।
- माआवादीहरुले आक्रमणको क्रममा बेनी बजारका केही घरहरु नियन्त्रणमा लिई घरका सबै परिवारलाई एउटै कोठा थुनेर उक्त घरहरुलाई स्वास्थ्य शिविर तथा हतियार निर्माण तथा वितरण गर्ने थलोको रुपमा प्रयोग गरेको र ठूला ठूला घरका छतहरु आक्रमणका लागि प्रयोग गरेको
- माओवादीहरुले आक्रमण्को क्रममा बेनी बजारका पसलहरुबाट विभिन्न खाद्य पदार्थहरु कतै लुटेका, कतै पैसा तिरेर लगेका भने कतै लुटेको अवस्थामा उनका कमाण्डरको आदेशमा पैसा तिरेका थिए त कतै नगद समेत लगेको जानकारी प्राप्त हुन आयो। सर्वसाधरणको भनाइ अनुसार छिटपूट घटना बाहेक माओवादीले उनीहरुलाई दुख नदिएको जानकारी अनुगमन टोलीलाई दिएका थिए ।
- आक्रमणमा माओवादीहरु बाट मानव ढालको प्रयोग भएकोबारे कतैबाट पनि जानकारी आएन ।
- शाही नेपाली सेनाले प्रतिकार गर्ने क्रममा सर्वसाधारणको जिउ धन बचाउन सकेसम्म सतर्कता अपनाएको

- श्री काली प्रसाद गण (ई.)बाट प्राप्त जानकारी अनुसार सेना तर्फ १५ जनाको भिडन्तमा मृत्यू १ जनाको उपचार गर्दा गर्दै मृत्यू,२० जना सामान्य घाइते अर्का एक जना गम्भीर घाइते ।
- प्रहरी नायब उपरीक्षक श्री राजेन्द्र मान श्रेष्ठका अनुसार जनपथ प्रहरी तर्फ १४ जना, यूनिफाईड कमाण्ड तर्फ २ जना गरी जम्मा १६ जनाको मृत्यू, ४१ जना बेपत्ता मध्ये २ जना सम्पर्कमा आएको ।
- कुनै पनि पक्षबाट माओवादी तर्फ भएको मानवीय क्षति सम्बन्धमा समान तथ्य प्राप्त नभएको
- सदरमुकाम बेनी बजार तथा आसपासका क्षेत्रमा विभिन्न प्रकारका विस्फोटक पदार्थहरु यत्र तत्र छरिएको अवस्था भेटिएको थियो ती क्षेत्रहरुमा म्याग्दी रेडक्रस सोसाईटीले खतराको संकेत राखी सुरक्षा निकायलाई जानकारी गराएको ।
- विभिन्न स्थानहरुमा प्रशस्त मात्रामा छरिएका गोलीका खोकाहरु थिए । ती खोकाहरु स्थानीय स-साना बालकहरुले प्रति किलो रु १० मा विक्री गर्ने उद्धेश्यले संकलन गरिरहेको पाइयो ।
- बेनी बजार दक्षिण तर्फ काली गण्डकीमा <u>२ वटा लाश</u> बगाएर ल्याएको देखियो ।
- लाशहरु पूर्ने काम म्याग्दी रेडक्रशले गरेको । लाश नजिक रहेका विस्फोटक पदार्थहरु सेनाले निस्क्रिय पारेर सहयोग गरेको ।
- विभिन्न मितिमा आत्म समर्पण गरेका ६ माओवादीहरु मध्ये आक्रमणमा ४ जना मारिएको ।
- कतै कतै गाडिएका लाशहरु राम्ररी नपुरिएको हुनाले गन्हाइरहेका थिए ।
- आक्रमणका कारण एसएलसी परिक्षार्थीहरुमा मानसिक तनाव, डर र त्रासको भएको पाइयो ।
- माओवादीको अपहरणबाट फुत्किएर आएका ब्यक्तिहरु दोहोरो मारमा परिने कारण ले भयभीत रहेको ।
- सेनाले आफनो कब्जामा लिइसकेको निशस्त्र दिलबहादुर अरमजालाई जिल्ला प्रशासन कार्यालय अगाडि दिउंसै गोली हानी हत्या गरेको ।
- म्याग्दी स्थित माउण्ट बोर्डिङ स्कूलमा आफ्नो छोरा भेट्न आएका रनबहादुर बुर्जालाई सुरक्षाफौले १० गते आफनो कब्जमा लिई बेपत्ता पारेको ।
- माओवादीहरुले म्याग्दी जिल्ला अस्पतालबाट १७ थान स्ट्रेचरहरु लगेको ।
- प्रत्याक्रमण तथा उद्धारको लागि समयमानै हेलिकोप्टर नआएको ।

**निष्कर्ष :**

१ विद्रेही पक्षवाट आक्रमणको पूर्व जानकारी भएर पनि सरकारी पक्षले गम्भीर रुपमा नलिएको ।
२. माओवादीद्धारा गरिएको गण्डक नाकावन्दीको सरकारी पक्षले गहिरिएर विश्लेषण नगरेको ।
३. भौगोलिक परिस्थितिले विद्रोही पक्षलाई आक्रमण गर्न सजिलो भएको ।
४.माओवादीहरुले बेनी बाजरमा रहेका स्थानीय बासिन्दाका घरहरु नियन्त्रणमा लिई आक्रमणका लागि प्रयोग गरेको मा सुरक्षाफौजले प्रत्याक्रमण गर्न कठिनाइ भएको ।
५. सरकारले सुरक्षा निकायमा गरेको सुघारको अनुपातमा स्थानीय स्तरमा औषधी उपचारको ब्यबस्थामा पर्याप्त ब्यवस्था नगरेको कारण स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र लैजान परेको ।
६.रेडक्रसको भूमिका सहयोगीका सह्रानीय रहेको ।
७. दुवै युद्धरत पक्षवाट सर्व साधारणलाई जोगाउन खोज्दा खोज्दै पनि धनजनको क्षति भएको देखियो ।
८ सरकारी श्रोत साधनको सही सदुपयोग नभएको पाईयो । पहिले पुग्ने हेलिकोप्टरले घाइतेलाई स्रगै नेताहरुलाई ओसार पोसार गरेको ।
९.अपहरितहरुको खोज तलासमा तत्पतरता नदेखाइएको साथै सुरक्षाकर्मी सम्बन्धी कुनै रेकर्ड नभएको ।
१०. सरकारी पक्षबाट पीडित व्यक्तिहरुलाई तत्काल राहत प्रदान गर्ने नगरिएको ।
११. अझै पनि खोलामा बगेर आएका लासहरु बेवारिसे अवस्थामा देखिएको ।
१२. निस्क्रिय गर्न बांकी रहेको वम बालबालिकाले खेलाउंदा विस्फोट् भई घाईते हुने क्रम जारी ।
१३. विभिन्न स्थानमा रहेका विस्फोटन सामाग्रीहरु निस्क्रिय पार्ने कार्यले गति पाउन नसकेको ।
१४. जिल्ला विकास समिति जस्तो जिम्मेवार निकायका सभापति तथा उप सभापति घटनाको भोली पल्टै उद्धार गर्न आएको हेलिकोप्टर बाट बहिर गएका ।

१५. सुरक्षा निकायले नियन्त्रणमा लिई सकेका निशस्त्र व्यक्तिलाई गोली प्रहार गरी हत्या गरेको ।

**सुझाब :**

- दिगो शान्तिका लागि विद्रोही पक्ष माओवादीलाई राजनैतिक मूल प्रवाहमा ल्याउनु पर्दछ ।
- सशस्त्र द्वन्द्वका बेलामा निशस्त्र ब्यक्ति,सर्बसाधारण र बिशेषतः बालबालिकाहरुलाई सुरक्षित राख्न अन्तराष्ट्रिय मानवीय कानुन अनरुप सबैप्रकारका पूर्व सावधानीका उपाय अपनाउनु पर्ने र सशस्त्र कारवाही सञ्चालन पूर्व चेतावनी समेत दिनुपर्ने प्रक्रियाको अनिवार्य पालना गर्नुपर्ने ।
- सशस्त्र कारवाहीको सिलसिलामा क्षतिग्रस्त भौतिक सम्पत्तिको मर्मत संभार र क्षतिपूर्ति ब्यवथा तुरुन्त गर्नुपर्ने।
- सशस्त्र कारबाहीका कारण आतंकित बालबालिका तथा अन्य ब्यक्तिहरुलाई मनोविमर्श लगायत उपचारको प्रबन्ध गर्नुपर्ने ।
- हालसम्म देखिएका सकेट बम,पाईप बमलाई यथाशीघ्र निस्क्रिय बनाउनु पर्ने ।
- हवाई आक्रमणबाट मारिएका ब्यक्तिको परिवारलाई क्षतिपूर्तिको यथाशीघ्र उपलब्ध गराइनुपर्ने ।
- युद्धमा घाईते भएका सुरक्षकर्मी साथै सर्वसाधारण जनतालाई उपचारको उचित ब्यवस्था मिलाउनु पर्ने ।
- खोलाले बगाएर ल्याएको लासहरुलाई सनाखत गरि यथाशीघ्र सम्बन्धित परिवारको जिम्मा लगाउनु पर्ने ।
- भिडन्तको क्रममा माओबादीहरुले छोडेको बिस्फोटक पदार्थहरु सर्बसाधारण जनताहरुले भुलबस चलाउंदा हुने दर्घटनामा कमी ल्याउन स्थानीय तथा राष्ट्रिय स्तरको संचारमाध्यम बाट जनचेतना जगाउनु पर्ने ।
- सुरक्षा निकायले नियन्त्रणमा लिई सकेका ब्यक्तिलाई कानून बामोजिम कारवाही चलाउनु पर्ने ।

**माओबादीहरुले आक्रमणमा प्रयोग गरिएका भनिएका हतियारहरु :**

१. ८१ एम एम मोर्टार
२. ए के ४७
३. २ ईन्च मोर्टार
४. थ्री नट थ्री राईफल
५. एस एम जी
६. एल एम जी
७. सकेट बम
८. ग्रीनेड

**क्षति भएका सरकारी कार्यालयहरु**

| क्र सं | कार्यालयको नाम | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | पूर्ण रूपमा ध्वस्त | |
| २. | जिल्ला विकाश समिति | पूर्ण रूपमा ध्वस्त | |
| ३. | जिल्ला अदालत | पूर्ण रूपमा ध्वस्त | |
| ४. | म्यग्दी पुस्तकालय | पूर्ण रूपमा ध्वस्त | |
| ५. | जिविस अतिथी गृह | पूर्ण रूपमा ध्वस्त | |
| ६. | जिल्ला प्रहरी कार्यालय परिसरमा रहेको घर | पूर्ण रूपमा ध्वस्त | |
| ७. | जिल्ला प्रहरी कार्यालय | आंशिक क्षति | |
| ८. | मालपोत कार्यालय | आंशिक क्षति | |
| ९. | राष्ट्रिय बाणिज्य बैंक | आंशिक क्षति | |
| १०. | सरकारी वकीलको कार्यालय | आंशिक क्षति | |
| ११. | जिल्ला बनको नर्सरी आवास | आंशिक क्षति | |
| १२. | भु संरक्षणको आवास | आंशिक क्षति | |
| १३. | विज्ञान शिक्षा तालिम केन्द्र | आंशिक क्षति | |

**क्षति भएका सर्वसाधारणका घरहरु**

| क्र सं | घरधनीको नाम | क्षतिको प्रकार | कैफियत |
|---|---|---|---|
| १. | श्री नेत्र बहादुर महत | पूर्ण रूपमा ध्वस्त | माओबादीलेआगो लगाएको |
| २. | श्रीमती गंगा बोगटी | पूर्ण रूपमा ध्वस्त | माओबादीलेआगो लगाएको |
| ३. | श्री बृजलाल श्रेष्ठ | आंशिक क्षति | |

**शाही नेपाली सेनाको तर्फबाट मारिएका तथा घाईते भएका सर्वसाधारणहरु**

| क्र.सं | नाम | लिङ्ग र उमेर | ठेगाना | पेशा | घटनास्थल | कसरी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ठकाने दमै | पु. ५५ | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घटनास्थलमै तत्काल मृत्यु |
| २ | फौजे दर्जी | पु. ४८ | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घटनास्थलमै तत्काल मृत्यु |
| ३ | खम्वे दमै | पु. ३६ | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घटनास्थलमै तत्काल मृत्यु |
| ४ | सुन्ते दर्जी | पु. ५० | पुलाचौर | मजदुरी | ज्याम्रुककोट | हवाई | घटनास्थलमै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | गाविस १, पुरूण्डी | | ८ खबरा | आक्रमण | तत्काल मृत्यु |
| ५ | सुर्य दर्जी | पु. १३ | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घटनास्थलमै तत्काल मृत्यु |
| ६ | जुठे दर्जी | पु. | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घटनास्थलमै तत्काल मृत्यु |
| ७ | लक्ष्मी कार्की | स्त्री २० | ज्याम्रुककोट ८ खबरा | गृहणी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | घरमा लगीएको करिब २ घण्टा पछि मृत्यु |
| ८ | शंकर परियार | पु. २४ | पुलाचौर गाविस १, पुरूण्डी | मजदुरी | ज्याम्रुककोट ८ खबरा | हवाई आक्रमण | हाल उपचारार्थ मणीपाल शिक्षण अस्पताल पोखरामा |
| ९ | गणेश पौडेल | पु. १५ | अर्थुङ्गे गाविस ५ नयर | बिद्यार्थी | अर्थुङ्गे गाविस ५ नयर | हवाई आक्रमण | हाल सामान्य अवस्थामा |
| १० | दिल बहादुर अर्मजा | पु. | लेक गाविस ८, पर्बत | | जिल्ला प्रशासन कार्यालय अगाडी | गोली प्रहार | मानसिक सन्तुलन ठिक नभएको भनिएको |